# मोदीबेनीको ब्रम्हनाल शिला

*डा. राजाराम सुवेदी*

वर्तमानकालमा ब्रम्हबन्धुहरू बढेकाले बढ्ता विदेशी र बाह्य संस्कारहरू बढेका र आफ्ना मौलिक र वैज्ञानिक परम्पराहरू हराउँदै गएका छन् । मानव जीवनका जन्म, विवाह, खानपिन तथा मृत्यु समान र सत्य कुरा हुन् । त्यसमा पनि सनातन धर्म मान्नेका बीचमा छुवाछुतको भेदले नराम्रो प्रभाव विस्तार गर्दै गएको छ । आफ्नै बन्धुहरूमा त्यस्तो भेद रहिरहनु शोभादायक मानिदैन । त्यसैले माथिका चार प्रकारको सत्य स्वीकार गरी त्यो छुवाछुत हटाउनुपर्छ । नयाँ पुस्ताले त्यतातिर ध्यान दिनैपर्ने छ । छुवाछुतको कारण के हो, त्यसको मूल खोजी त्यसलाई हटाउनु छ । संस्कार, पतिया, चान्द्रायण, कल्प, ब्रत, निदिध्याशन, नियम तथा अनुशासन तयार पारी विज्ञजनले त्यो काम गर्नैपर्ने भएको छ । त्यो नगर्दाभन्दा गर्दामा ईश्वरको समान दृष्टि प्राप्त हुने निश्चित छ । भगवान् पशुपतिमा अछुतहरूलाई रोकावट छैन तर विधर्मीलाई प्रवेश निषेध छ । त्यसबाट कुरा सबैले बुभ्नु पर्छ ।

भगवान् पशुपतिको ईशान कोणमा वासुकिनागको मन्दिर छ । त्यहाँ युगयुगमा वासुकी बाबा बस्दथे । सबैभन्दा पछि बस्ने वासुकी बाबाले दुग्धाहार गर्दथे । उनी अक्षुतहरूको हातबाट ल्याएको दूध पनि ग्रहण गर्थे । भनिन्थ्यो, पापकर्म गर्नेहरूले उनको दुग्धाहार पु¥याउँथे । त्यसरी दूध नित्य पु¥याउनेमा प्रधानमन्त्री चन्द्रशमशेर थिए । त्यो दूध पिएका वासुकिबाबा कूटभाषा बोल्दथे । उनी प्रायः गाली नै गर्दथे र त्यसैले उनलाई धेरैले रुचाउँथे पनि ।

पूर्वी नेपालको खोटाङमा हलेश्वर, सुनसरी क्षेत्रमा पिण्डेश्वर, पश्चिम नेपालको लमजुङमा ईशानेश्वर, बाँकेमा बागेश्वर, भारतको कुमाउँमा बालेश्वर, नेपालकै म्याग्दीमा गलेश्वरहरूमा भगवान् शङ्करको साक्षात् दर्शन हुने पीठका रूपमा लिइन्छ । तीमध्ये सतीदेवीको गला (कण्ठ) पतन भएका आधारमा शालिग्रामा नदी र रहु गंगााका अन्तर्वेदीमा स्थापित गलेश्वर अत्यन्तै पवित्र क्षेत्र मानिन्छ । सोही गलेश्वरदेखि पश्चिमपट्टिको पहाडी किल्लालाई ढोरलठाना वा ढोणल्ठान भनिन्छ । ढोणल्ठान पूर्वमध्यकालबाटै सभ्यता विकास भएको ठाउँ हो । ऐतिहासिक महत्वका वस्तुहरू त्यहाँ खोजी गर्दा प्रशस्त भेटिएका छन् । सो ढोणल्ठानमा वि.सं. १२०० देखि रजस्थल रहेको कुरा पर्वत सिल्मी निवासी प्र.अ. बाबुराम सुवेदीज्यूको सङ्ग्रहमा रहेको सक्कल प्रमाणबाट पुष्टि भएको छ ।

गण्डकी अञ्चल कास्की जिल्लाको नागडाँडा सिंपालीमा ६५ घर सुवेदीहरूका छन् । सो नागडाँडा क्षैत्र पूर्वमध्यकालमा पन्नागविषय अन्तर्गत पर्दथ्यो र त्यसको पञ्चनाग क्षेत्र वा पञ्चकोशी (पञ्चासे) केन्द्रस्थल रहेको कुरा पञ्चकोशी क्षैत्रको अध्ययनबाट खुल्दछ । नागडाँडा सिंपाली गाउँमा वि.सं. १५२४ मा हाल म्याग्दी जिल्लाको राखुपुला मौबाफाँटबाट पर्वतका राजाका गुरु भई काम गर्ने हेमन्तराज भट्टका पुत्र जेठा पद्मपाणिपाध्या सुवेदीलाई कास्कीका राजाले बिर्ता दिएका थिए । राखुबाट निज पुर्खालाई कास्की ल्याउँदा सुनका नाम्लाले जेउरु (डोरी) बनाई बोकी ल्याएकाले हालसम्म उनलाई "सुनजेउरुबाजे" भनी देवालीमा सम्भौटो गरिँदै छ । कास्कीका राजा कुलमण्डन शाह (खास जगतिखाण महाराज)ले पद्मपाणिपाध्यालाई ल्याएका थिए । उनलाई सिम्पालीका पाटा दुई विर्ता गरी बसोबास गराएका थिए । त्यस विषयक ताम्रपत्रको नक्कल प्रकाशमा पनि आएको छ । सो ठाउँमा हाल सुवेदीहरूको बस्ती छँदै छ ।

कास्की नागडाँडा मनोरम प्रकृतिको ठाउँ हो । त्यस ठाउँबाट माछाको पुच्छर आकृति परेको माछापुछ्रे हिमाल हेर्न पाइन्छ । नागडाँडा सिम्पाली निवासी सुवेदीहरूको बिर्ताभित्रको क्षेत्र थियो । सिम्पालीका सुवेदीहरूमा एउटा प्राचीन परम्परा रहिआएको छ । त्यो परम्परालाई ब्रम्हनाल गर्ने भनिन्छ । ब्रम्हनाल भन्नाले मानव जन्म र पुनर्जन्मको दोसाँधमा गरिने, कैवल्य गतिका निम्ति गरिने, अन्तिम विधि हो । अरुले मरेपछिको शवलाई घाटमा लगेपछि ब्रम्हनाल विधि गर्छन् । तर सिम्पाली निवासी सुवेदीहरूमा त्यसको आफ्नै मौलिक शैली रहेको छ ।

ब्रम्हनालमा के के गरिन्छ ।

भगवान् पशुपतिदेखि ईशानतर्फको बागमती आर्यतीर्थ वा आर्यघाटमा ४५ डिग्री ढल्के पारेर ओछ्याइएका कद बराबरका लामा चप्लेटी ढुङ्गाहरू छन् । मानिसको प्राणवायुले छोड्ने बेलामा मानिसलाई पशुपतिको धर्मशालामा लगिन्छ र घाटे वैद्यको जाँचपछि प्राण जाने पक्का भएपछि बिरामीलाई ब्रम्हनाल शिलामा लगिन्छ । ब्रम्हनाल गर्दा शिर पशुपतितिर र पाउ बागमतीका जलमा टेकाइन्छ । त्यसरी प्राण जानेले जलयोग पाएको भन्ने चलन पनि छ । ब्रम्हनालमा पुगेका ९९.५ड मरिहाल्छन् भने बाँचेका चमत्कारी हुने विश्वास गरिन्छ । ब्रम्हनाल गरी प्राणपखेरु उडेकाहरू मोक्ष हुने, पुनर्जन्म नहुने विश्वास गरिन्छ । त्यस्तो मोक्षदा ब्रम्हनालको स्थापना कहिले भयो, थाहा पाउन सकिएको छैन । तर त्यहाँको चर्चाको विषय पशुपति आर्यघाटको ब्रम्हनाल शिला नभई पर्वत जिल्ला सदरमुकाम कुस्मा बजारबाट नैऋत्य बडगाउँ चौरको तल मोदी र काली नदीको दोभान, मोदीवेनीको ब्रम्हनाल शिला नै हो ।

गुल्मी जिल्ला धुर्कोट कोटगाउँ निवासी स्व. उमानाथ शर्मा पन्थी रिडीको पाठशालामा संस्कृत पढाउँथे । उनले शालिग्राम नदी (कालीगण्डकी)को स्तुतिगान गर्नेखाले एउटा संस्कृतपद्य कृति प्रकाशित गराएका छन् । त्यो गहन कृतिको नाम पनि "गण्डकी गौरवम्" राखेर काली गण्डकीको गौरब बढाएका छन् । सो ग्रन्थ सानै छ तापनि परिश्रम र श्रद्धा गहिरो देखिन्छ । त्यसको मूल जोड रिडीघाटमा दिइएको पनि बुझिन्छ ।

शालिग्राम नदीको महिमा दामोदर कुण्डदेखि त्रिवेणी भैंसालोटन वाल्मीकि आश्रममा पुगेर समापन हुन्छ । काली नदी सप्तगण्डकीको गण्डी हो । सो गण्डी क्षेत्रमा बनेको देवसभा स्थललाई गण्डीगुल्म भनिन्थ्यो । लिच्छविकालमा पनि गण्डीगुल्म एक महत्वको क्षेत्र थियो । उत्तरमध्यकालमा गण्डीगुल्म (जिल्ला) विषय बनेको थियो । आजकल त्यसको प्रतिनिधित्व गुल्मी जिल्लाले गरेको छ । गण्डीको प्रतिनिधित्व कालीगण्डकीले गरिरहेको छ ।

आर्ष वाङ्मयमा स्कन्दपुराणको हिमवत्खण्डमा सो शालिग्रामा नदीको लामो व्याख्यान छ । त्यहाँ मोदीनदी मिलेको ठाउँमा मोदीबेनीको पनि चर्चा गरिएको पाइन्छ । मोदी नदी अन्नपूर्ण श्रृङ्खलाको माछापुछ्रेको पश्चिमी धारबाट बग्दछ भने पूर्वी धारबाट मादीनदी बग्दै दमौलीमा पुग्दछ र सेतीमा मिसिन्छ । मोदी नदीको मुहानमा उपबराह तीर्थस्थल पर्दछ, जहाँ दिनको बाह्रबजे एक घट्ट पानी अचानक गड्कँदै पहाडबाट निस्कन्छ । उपवराह क्षेत्रमा प्रत्येक वर्ष जनैपूर्णिमाको दिन मेला लाग्थ्यो, तर वि.सं. १९४५मा रजस्वला भएकी नारी गएपछि चट्याङ परी जात्रु मरे र जात्रा लाग्नै छोडयो । आजकल पनि केही तीर्थालुहरू भने जाँदै छन् । त्यस्तो पवित्र ठाउँबाट उत्पन्न भएको मोदी नदी काली नदीमा मिल्न गएको ठाउँलाई मोदीबेनी भनिन्छ । मोदी र कालीका बीचमा धेरै गाउँहरू पर्दछन्, जसलाई अन्तर्वेदी भनिन्छ । विशेषगरी कुस्मा, चुवा, खन्याहा, पाङ, खुर्कोट, धाइरिङ, लेकफाँट, दुर्लुङ, मल्लाज, बाजुङ दाङसिङ, सिकघार अन्तर्वेदीमा पर्दछन् । त्यस अन्तर्वेदी र त्यस वरपर बसोबास गर्ने मानिसहरूले सोही मोदीवेनीमा दाहसंस्कार गर्दछन् । त्यस वरपरका बसोबास गर्ने सुवेदीहरूले आफ्ना बा, आमा, काका, काकीहरूलाई मोदीवेनीका छेउमा प्राण विसर्जन हुने वेलामा लैजान्छन् र मोदीवेनीको ब्रम्हनाल शिलामा राख्तछन् ।

कास्की सिम्पाली बस्ने सुवेदीहरूमा एउटा प्राचीन गौरवको परम्परा कायम छ । कास्कीका राजा जलाल शाहको राज्यकालमा पर्वतका राजासँग सम्बन्ध बिग्रन गयो । किनभने जलाल शाहलाई पर्वतका योद्धाले अपहरण गरी लगे । त्यसबाट सिम्पालीका सुवेदीहरूको ब्रम्हनाल गर्ने र दाह संस्कार गर्ने मोदीवेनी घाटमा पर्वतका राजाले हटक गरे । सिम्पाली पं. गदाधरपाध्या चौबीसे राजाका गुरु थिए र पर्वतका राजासँग बिन्ति भाउ गर्दा पनि घाट खुल्न नसक्दा पर्वतका राजालाई रु ५।- तिरेर मोदीबेनीको घाट प्रयोग गर्न पाउने भए । त्यस विषयमा "अन्यत्रका मानिसको ब्रम्हनाल तथा दाहसंस्कार गर्न लागेका भए पनि हटाई खाली गरी सुवेदीको दाहसंस्कार गर्न दिनू" भन्ने ताम्रपत्र नै गरेका थिए भन्ने थाहा पाइन्छ, तापनि त्यसको मौलिक पाठ, अभिलेख, पाइएको छैन । जुम्लातिर नयाँ मानिसलाई "घर घाट कहाँ हो ?" भनी सोध्ने चलन छ । सिम्पालीका बासिन्दालाई त्यसरी सोधे भने "घर सिम्पाली र घाट मोदीबेनी भन्ने जवाफ पाइन्छ ।

सिम्पालीका सुवेदीहरूको अन्त्यकालमा मोदीबेनीमा लान सम्भव नभए तुलसाको मैरीमा राखेको तीर्थजल, सुनपानी र तुलसीपत्र खुवाइन्छ र मोदीवेनीको जल भनी कुनै पात्रमा राखी पाउ डुबाइन्छ । मरेपछि शवयात्रा

मोदीवेनीमा गरिन्छ । नसक्नेले सेतीनदीको मरे घाटमा लैजाने परम्परा छ । दाहसंस्कार गर्दा “अस्तु” झिकिन्छ र मोदीवेनी पुऱ्याएर ब्रम्हनाल ढुङ्गाको बीचमा छुवाएर दोभानमा लगी जलमा विसर्जन गर्ने परम्परा कायमै छ ।

मोदीवेनीको ब्रम्हनाल शिला पहिले पानीकै सतहमा थियो, तर शताब्दीसम्म प्राकृत शिलालाई जलले खियाउँदा नदीको सतह तल ब्रम्हनाल शिला माथि उत्रन गएको छ । त्यो शिला पर्वत, बाग्लुङ, स्याङ्जा, गुल्मी, अर्घाखाँची, म्याग्दीका सुवेदीहरूको दाहसंस्कार गर्ने साझास्थल हो भने सिम्पालीका सुवेदीको अधिकार ।

मोदीबेनीको ब्रम्हनाल शिला मानवनिर्मित नभई प्राकृत भए पनि त्यस क्षेत्रको सांस्कृतिक धरोहर मानिन्छ । मध्यकालमा राजनीतिक कारणले पर्वतका राजाले कास्कीका राजाका गुरुहरूलाई शवयात्रा गर्न प्रतिबन्ध लगाए पनि सिम्पालीका सुवेदीहरूले घाट त्याग्न चाहेनन् । त्यसमाथि उनीहरूको अधिकार ठान्दैछन् । त्यस प्रकारको अधिकार अरूलाई लिइरहन आवश्यक परेको थिएन ।

मोदीवेनी प्राकृत, सांस्कृतिक, धार्मिक, राजनीतिक तथा आर्थिक महत्व भएको सङ्गम हो । यसका दुवै किनारमा प्राचीन सभ्यताको विकास भएको कुरा मुस्ताङका ओडारहरूमा प्राप्त भएका विभिन्न अवशेषहरूबाट थाहा पाइन्छ । मध्यकालमा त काली नदी सभ्यताको बाहक भएको थियो । चौबिसी राज्यको मेरुदण्ड नै कालीगण्डकी भएको थियो । धार्मिक दृष्टिकोणबाट त कालीगण्डकीलाई शालिग्राम नदी भनिने हुनाले त्यसको महत्व अधिक छ । यसका तटमा दाहसंस्कार गरेमा या गाडेमा पनि मानिसको शरीर शालिग्राम बन्दछ भन्ने जन विश्वास रहिआएको छ । शालिग्राम साक्षात् भगवान् विष्णुको अवतार मानिन्छ र नित्य पूजा गरिन्छ ।

मोदीबेनी अत्यन्तै महत्वको ठाउँ हुनाले हाम्रा पूर्वजहरूले त्यसको पहिचान गरेको बुझिन्छ । हाम्रा परम्परा र संस्कारहरू कति वैज्ञानिक किसिमका छन् ती सबैलाई अभ्यास गर्दा हामीले कति सङ्कोच मान्नुपर्ने छैन । हामीले त्यस्तो गहन क्षेत्र र संस्कारप्रति कुनै वास्ता नगरी विदेशी भोगवादी र सभ्यताको दास हुँदैगएका छौं । हामीलाई जडिबूटीको जङ्गलबारे थाहा हुँदैन तर त्यही जङ्गलका झारपातबाट बनेका औषधिका गोली खोजीखोजी किनेर खान्छौं । हामीले पूजा गर्ने गरेका लक्ष्मी, सरस्वती, नाग, विष्णु शिव, गाई, पर्वत, नदी, चट्टान र पिता-माताको महत्व बुझेर नै अगाडि बढ्न सकिन्छ । हामी पैसाका मात्र दास हुनु भूल हो । पैसाभन्दा संस्कृति कति गुना ठूलो कुरा हो ?

---